

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ५८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन २९ गते सोमबार ❑ 13 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## संविधान विरोधी शक्तिसँग होसियार रहनुपर्छ : प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
गण्डकी, २८ फागुन




गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङले अहिलेको संविधानमाथि औँला ठड्याउने र असहिष्णुता दर्शाउने शक्तिहरूसँग होसियार रहनुपर्ने बताउनुभएको छ।

पोखरा महानगरपालिकाको सातौँ स्थापना दिवस समारोहलाई आइतबार सम्बोधन गर्दै उहाँले राजनीतिक दल र जनप्रतिनिधिले जनअपेक्षाअनुसार काम गर्न नसकेकाले एकथरी मानिस संविधान नै फेर्नुपर्छ भनेर लागिरेहेको उल्लेख गर्नुभयो।

"संविधानप्रति वफादार रहेर हामीले सपथ खाएका छौँ, संविधानको रक्षाका लागि जुनसुकै मूल्य चुकाउन तयार छौँ भनेर वाचा गरेका छौँ, यो विषयमा हामी सधैँ चनाखो र सचेत रहनुपर्छ", प्रदेश प्रमुख गुरुङले भन्नुभयो।

संविधानले निर्दिष्ट गरेबमोजिम जनताको विश्वास जितेर काम गर्न नसकेमा अहिलेको व्यवस्था र संविधान विरोधी भावना अझ मौलाएर जाने उहाँको भनाइ छ । "हाम्रो आचरण, चरित्र जनताले हेरिरहेको छन्, बोली र व्यवहारमा हामी स्पष्ट र दृढ हुनुपर्छ", प्रदेश प्रमुख गुरुङले भन्नुभयो । जनताको अपेक्षा बढी भएको उल्लेख गर्दै उहाँले स्थानीय तहले स्रोतसाधनको अधिकतम उपयोग गर्ने गरी योजनाबद्ध विकासको खाका ल्याउनुपर्ने बताउनुभयो।

प्रदेश प्रमुख गुरुङले पोखरा महानगरको विकास, प्रगति र उन्नतिसँग देशकै भाग्य र भविष्य जोडिएको बताउनुभयो।

## घट्टेखोला, धम्पुस, देउराली, खानीगाँउ हुदै ल्वाङसम्म जोड्ने सडक निर्माण गर्न पूर्व आई.ई.ई गर्न टोली धम्पुसमा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ फागुन

घट्टेखोला, धम्पुस, देउराली, खानीगाँउ हुदै ल्वाङसम्म जोड्ने सडक निर्माण गर्नु पूर्व वातावरणीय प्रभाव मुल्याङ्कन (आई.ई.ई) गर्न टोली धम्पुसमा पुगेको छ।

आई.ई.ई. रिपोर्ट निर्माणको लागि अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), डिभिजन वन कार्यालय उक्त परियोजनको सम्बन्धित कन्सल्टेन्ट, स्थानिय तथा सरोकारवाला सहितको टोलीले आइतबार फिल्ड भिजिट सहित नाप जाप गरेको माछापुच्छ्रे गाँउपालिका वडा नम्बर ७ (धम्पुस) का वडा अध्यक्ष बैकुण्ठ भण्डारीले बताए। गण्डकी प्रदेशको नमुना सडक अर्न्तगत उक्त सडक निर्माणमा सबै पक्षले सहयोग गर्न तयार रहेको उनले जनाए। करिब ३ बर्ष अघि १३ किलोमिटर सडक ५८ करोडको लागतमा निर्माण हुने अन्तिम चरणमा पुगेर पनि विभिन्न कारणले गर्दा टेण्डर प्रकृयामा रोकिएको उक्त योजना केही संसोधन सहित पुनः निर्माण हुने चरणमा भएकोले अब त्यसलाई सफल पार्न सबै पक्षले सहयोग गर्ने भएको वडा अध्यक्ष भण्डारीले बताए।



उक्त परियोजना अघि बढाउन स्थानिय रुपमा कुनै समस्या नभएको दाबी गर्दै अध्यक्ष भण्डारीले उक्त सडक क्षेत्रमा एक्याप र वन कार्यालयको क्षेत्राधिकार समेत पर्ने भएकोले त्यसको लागि आवश्यक समन्वय गर्दै आएको जनाए।

संरक्षण क्षेत्र व्यवस्थापन समिति धम्पुसका अध्यक्ष दलबहादुर गुरुङको अध्यक्षतामा आइतबार धम्पुसमा बसेको छलफलमा सबै पक्षबाट उक्त योजनालाई जतिसक्दो छिटो छरितो ढंगबाट सम्पन्न गर्न हरेक हिसावले सहयोग गर्ने भएको स्थानिय डिल्लीराम भण्डारीले बताए। उक्त सडक क्षेत्रको दाया बाँया पर्ने स्थानियहरुले उक्त परियोजनाको लागि आवश्यक जग्गा समेत दिन राजि भएको अध्यक्ष भण्डारीले बताए । करिब ३ बर्ष अघि तत्कालिन जनप्रतिनिधि रामजी प्रसाद बराल जीवनको पहलमा उक्त योजना परे पनि समयमै समन्वयन हुन नसक्दा हाल केही संसोधन सहित पुनः निर्माण हुने भएको उनले जनाए। समितिका अध्यक्ष एवं स्थानिय दल बहादुर गुरुङले विकासको मेरुदण्ड नै बाटो भएकोले उक्त बाटो निर्माण प्रकृयामा अब कुनै बाधा अबरोध नहुने यदि कुनै बाधा अबरोध आए त्यसको प्रतिबाद आफु अग्रमोर्जामा रहेर गर्ने दाबी गरे।

धम्पुसको घट्टेखोला, देउराली, खानीगाँउ हुदै ल्वाङसम्म जाने गण्डकी प्रदेशकै नमुना सडक निर्माण प्रकृया समन्वय अभावले गर्दा ढिलाई भएको भन्दै प्रदेशका पूर्व अर्थ मन्त्री रामजी प्रसाद बराल जीवन आई.ई.ई गर्न आएको टोलीसंगै आइतबार फिल्डमा पुगेका थिए। उक्त परियोजना सम्पन्न गर्न सबै लाग्नु पर्ने बताउदै उनले सम्बन्धित कार्यालयका प्रतिनिधिहरुलाई फिल्डबाटै फोन गर्दै जिम्मेवार वहन गर्दै उक्त परियोजनामा गम्भिर बन्न आग्रह समेत गरेका थिए । प्रस्तावित आयोजनाले ग्रामीण सडकलाई सुधार गर्दै वर्ष भरि चल्ने गरी गुणस्तर वृद्धि गर्ने जसले कृषि, पर्यटन क्षेत्रलाई टेवा पुर्‍याउँदै ग्रामीण जनसंख्याको बजारसँगको पहुँच विस्तार गर्दै, व्यावसायिक अवसर तथा विषेश गरी दीर्घकालीन कृषि मूल्य शृंखलामा टेवा पुर्‍याउने विश्वास गरिएको पूर्व मन्त्री बरालले बताए। ग्रामिण सडक संजाल सुधार आयोजनाका संयोजक माधव भट्टराईले उक्त परियोजनाको काम विस्तारै अघि बढेको बताए । वातावरणीय प्रभाव मुल्याङ्कन (आई.ई.ई.) को रिपोर्ट निर्माणको चरणमा रहेको उनले जनाए। सन् २०२३ मा छनौट भएका २४ वटा योजनाहरु मध्य उक्त योजना पनि एक भएकोले उक्त योजना सम्भवत यसै बर्ष निर्माण प्रकृया नै अघि बढाउने गरी तयारी भएको बताए। उक्त परियोजना यो बर्ष टेण्डर भई एसियन डेभलपमेन्ट बैंक (एडिभि) संग सम्झौता हुने प्रकृयामा रहेको संयोजक भट्टराईले बताए । प्रोजेक्ट बैंक अर्न्तगत निर्माण हुने उक्त परियोजना सर्वे र त्यसको रिपोर्ट बनाउदा केही समय ढिला भएको उनले जनाए। सिभिल इन्फम्याटिक्स इन सोलुसनकी वातावरण विद मुन थापाले उक्त परियोजनाको प्रारम्भिक चरणमा १९ किलोमिटरको सर्वे गरे पनि करिब १२ किलोमिटर कच्ची सडक निर्माण गरिने बताइन्।

## उत्तरगङ्गा आयोजना अघि बढाउनुपर्छ : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
बागलुङ, २८ फागुन

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले उत्तरगङ्गा जलाशययुक्त आयोजनाको काम तत्काल अघि बढाउनुपर्ने बताउनुभएको छ।

ढोरपाटन क्षेत्र, बागलुङ जिल्ला र गण्डकी प्रदेशको दीगो विकासका लागि जलाशययुक्त आयोजना कोसेढुङ्गा सावित हुने भन्दै अधिकारीले तत्काल काम थाल्नुपर्ने बताउनुभयो । उहाँले जलाशययुक्त आयोजना निर्माणपछि ढोरपाटन क्षेत्रका सर्वसाधारणको जीवनस्तरमा सुधार आउने विश्वास व्यक्त गर्नुभयो । नेपाल विद्युत् प्राधिकरणले निर्माण गर्ने भनिएको राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको विद्युत् आयोजनाको काम अघि बढाउन प्रदेश सरकारले केन्द्र सरकारसँग अनुरोध गर्ने उहाँले बताउनुभयो । गण्डकी प्रदेशकै गौरवको आयोजना भएर पनि उत्तरगङ्गा कम चर्चामा रहने गरेको भन्दै उहाँले सबै पक्ष र क्षेत्रबाट यो आयोजना सञ्चालनका लागि सहयोग आवश्यक रहेको बताउनुभयो । सम्भाव्यता अध्ययन सकिएको आयोजनाबाट आठ सय २६ मेगावाट विद्युत् निकाल्ने योजना रहेको भए पनि काम अघि बढ्न सकेको छैन । नेकपा (एमाले)को 'मिसन ग्रासरुट' अभियानअन्तर्गत ढोरपाटन उपत्यकामा आयोजना गरिएको कार्यक्रममा मुख्यमन्त्री अधिकारीले ढोरपाटन क्षेत्रमा पुग्ने सडकको स्तरोन्नतिका लागि प्रदेश सरकारले योजना बनाइरहेको बताउनुभयो । राष्ट्रिय गौरवको आयोजना सालझण्डी-ढोरपाटन सडकको काम सन्तोषजनक नभएको भन्दै उहाँले आयोजनाले तत्काल काम सक्नुपर्ने बताउनुभयो। ढोरपाटन नगरपालिका, निसीखोला गाउँपालिका र तमानखोला गाउँपालिकाका सबै बस्तीमा केन्द्रीय प्रसारण लाइन विस्तारका लागि प्रदेश सरकार तयार रहेको उहाँको भनाइ थियो। ढोरपाटन नगरपालिकाका केही वडामा बाहेक अन्य तीनवटै पालिकाका वडामा केन्द्रीय प्रसारण लाइन पुगेको छैन । ढोरपाटनमा अस्पताल र शिक्षा क्षेत्रको सुधारका लागि प्रदेश सरकारले विशेष योजना ल्याउने अधिकारीले बताउनुभयो।

सांसद देवीप्रसाद भट्टचनले जनताको आर्थिकस्तर सुधार नभएसम्म समृद्धिको सपना पूरा गर्न नसकिने बताउनुभयो । आयआर्जन र उत्पादनको क्षेत्रमा राज्यले लगानी बढाउनुपर्ने उहाँको धारणा थियो । गण्डकी प्रदेशसभा सदस्य कृष्ण पाठकले जनभावनाअनुसारकै विकास निर्माण र विधि विधान बनाउने काममा आफू लागिरहेको बताउनुभयो । ढोरपाटन नगरपालिकाका प्रमुख देवकुमार नेपालीले ढोरपाटन, निसी र तमानको विकासका लागि तीनै तहका सरकारको साझा कार्यक्रम आवश्यक रहेको बताउनुभो।


## सार्वजनिक सेवालाई पारदर्शी बनाऔं।

◆ सार्वजनिक निकायका कामकारवाहीलाई पारदर्शी बनाऔं।
◆ सेवाग्राहीले सहज र सोझै सेवा लिनसक्ने व्यवस्था मिलाऔं।
◆ आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं, विचौलियामार्फत काम नगरौं।
◆ सकेसम्म सेवाग्राही आफैले सेवा प्राप्त गर्ने गरौं।

*सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड


## एमालेको प्रमुख सचेतकमा गिरी र सचेतकमा बर्तौला

**रासस**
काठमाडौं, २८ फागुन

नेकपा (एमाले) को प्रतिनिधिसभाको प्रमुख सचेतकमा पदम गिरी र सचेतकमा महेश बर्तौला मनोनित हुनुभएको छ। एमाले संसदीय दलका नेता


बाँकी अन्तिम पृष्ठमा ▶▶


## एक्यापको क्षेत्र स्थानीय तहले उपयोग गर्न पाउनुपर्ने माग

**पोखरापत्र संवाददाता**
पोखरा, २८ फागुन

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को क्षेत्र स्थानीय पालिकाले उपयोग गर्न पाउनुपर्ने एक्यापभित्रका पालिकाहरूले माग गरेका छन्।

शनिबार कास्कीको माछापुच्छ्रे गाउँपालिकामा आयोजित समन्वयात्मक कार्यक्रममा पालिका अध्यक्ष, उपाध्यक्षहरूले यस्तो माग गरेको हुन् । माछापुच्छ्रे गाउँपालिकाको संयोजनमा एक्यापभित्र पर्ने १५ पालिका प्रमुख र उपप्रमुखहरू भेलाले छ बुँदे माग गरेका छन् । माछापुच्छ्रेका अध्यक्ष मीनबहादुर गुरुङले एक्यापको म्याद थप्न नहुने बताउनुभयो। उहाँका अनुसार दुई वर्षदेखि एक्यापको म्याद थपिएको छैन। अब एक्यापको क्षेत्र स्थानीय तहले प्रयोग गर्न पाउनुपर्ने उहाँले बताउनुभयो।

स्थानीय सरकारको प्रमुख आयस्रोत नै प्राकृतिक क्षेत्र भएको लमजुङको क्होलासोंथार गाउँपालिकाका अध्यक्ष सूर्यप्रसाद गुरुङले बताउनुभयो। तर प्राकृतिक स्रोतको आम्दानी एक्यापले राख्दा विकासमा समस्या भएको उहाँको भनाइ छ । एक्यापको नीति-नियमले गर्दा विकास निर्माणको काम गर्न समस्या भएको थासाङ गाउँपालिकाका अध्यक्ष प्रदीप गौचनले बताउनुभयो । "हाम्रो गाउँपालिकामा १५ शय्याको अस्पतालको काम चल्दैछ", उहाँले भन्नुभयो, "काम गर्ने क्रममा पाँचवटा रुख काट्नुपर्ने भयो, त्यो एक्यापभित्र पर्ने भएकाले काट्नै समस्या भयो।" एक्यापका कारण धेरै समस्या झेल्नुपरेकाले १५ वटै गाउँपालिका अध्यक्ष, उपाध्यक्ष भेला भएर साझा धारणा बनाउनुपरेको माछापुच्छ्रे गाउँपालिकाका उपाध्यक्ष सीता अधिकारीले बताउनुयभो। भेलाले एक्याप र यसका कानुनका कारण अर्थ सङ्कलनमा परेका समस्या समाधानका लागि सङ्घीय र प्रदेश सरकारसमक्ष ज्ञापनपत्र बुझाउने निर्णय गरेको छ। एक्याप कास्कीसहित मनाङ, मुस्ताङ, लमजुङ र म्याग्दी गरी पाँच जिल्लाका १५ गाउँपालिकामा फैलिएको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# क्रियाशील पत्रकारका लागि आयोजित भाषा सम्पादन तालिम सकियो

पोखरापत्र संवाददाता
पोखरा, २८ फागुन

पोखराका क्रियाशील पत्रकारहरुका लागि आयोजित तीन दिने भाषा सम्पादन तालिम आइतबार सकिएको छ । पोखरा महानगरपालिकाको सहयोगमा नेपाल पत्रकार महासंघ कास्कीले तालिम आयोजना गरेको हो ।




तालिममा सहभागी ५५ जना पत्रकारलाई भाषाविज्ञ शरच्चन्द्र वस्ती र प्रशिक्षक विमल आचार्यले प्रशिक्षण दिएका थिए । कार्यक्रममा पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले भाषालाई सतहीमा बुझ्न नहुने भन्दै सिकाइ भन्ने कुरा कहिल्यै नसकिने बताए । उनले भाषालाई समुन्नत बनाउन सबैले आआफ्नो ठाउँबाट लाग्नुपर्नेमा जोड दिए । पत्रकारले सिकेको भाषाले सिंगो पोखराले प्रतिविम्बित गर्ने भन्दै आगामी दिनमा पत्रकारले प्रयोग गर्ने भाषाहरु थप व्यावहारिक बन्ने विश्वास व्यक्त गरे । मेयर आचार्यले पत्रकार महासंघसँग आगामी दिनमा पनि सहकार्य गरेर अघि बढ्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा प्रेस स्वतन्त्रता सेनानी एवं पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष बद्रीविनोद प्रतीक, प्रमुख प्रशिक्षक शरच्चन्द्र वस्ती, प्रशिक्षक विमल आचार्य, प्रशिक्षार्थी कमल पौडेल अथक, खीमाकुमारी गुरुङ लगायतले बोलेका थिए । महासंघका अध्यक्ष विमला भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष एवं कार्यक्रम संयोजक रामप्रसाद तिमेल्सिनाले स्वागत, उपाध्यक्ष जमुना शर्मा वर्षाले धन्यवाद ज्ञापन र सहसचिव श्रीराम सिग्देलले कार्यक्रम सञ्चालन गरेका थिए ।

# अक्सफोर्ड स्कुलमा पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम

रन्जिता आचार्य/ समिक्षा गौतम
पोखरा, २८ फागुन




पोखरा महानगरपालिका वडा नं १३ स्थित अक्सफोर्ड स्कुलमा हालै पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भयो ।

एन प्याप्सन कास्कीका उपाध्यक्ष केशवशरण उपाध्यायले विद्यार्थीमा सवैभन्दा बढि अनुशासन हुनुपर्ने भने । विद्यालयका प्रधानाध्यापक प्रेमराज अधिकारीले विद्यार्थी, शिक्षक र अभिभावक मिलेर अगाडि बढेमा मात्र शैक्षिकमैत्री वातवरण सृजना हुने भने । २०७४ देखि २०७८ साल सम्मका एसईई व्याचलाइ कार्यक्रममा मायाको चिनो प्रदान गरियो । जुनियरको गायन प्रतियोगितमा आन्शी आचार्य पहिलो, दोस्रो सोफिया नेपाली र तेस्रो विनिशा मल्ल भएका थिए भने सिनियर गायन प्रतियोगितामा पहिलो मोनिका रानाभाट, दोस्रो सत्य लोहनी र तेस्रो गौरब आचार्यलाइ कार्यक्रममा पुरस्कार वितारण गरियो । कार्यक्रममा शैक्षिक तथा अतिरिक्त क्रियाकलापका उत्कृष्ट विद्यार्थीहरुलाइ पुरस्कार वितरण गरियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रमाकान्त सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा सहायक प्रधानाध्यापक घनश्याम आचार्यले स्वागत र शिक्षक एवं अतिरिक्त क्रियाकलापको प्रमुख विनोद आचार्यले संचालन गरेका थिए ।

# मुस्ताङमा पर्यटकको चहलपहल बढ्यो

पोखरापत्र संवाददाता
म्याग्दी, २८ फागुन

वसन्त ऋतुको आगमनसँगै मुस्ताङमा पर्यटकको चहलपहल बढेको छ । म्याग्दी हुँदै सडकमार्ग भएर मुस्ताङ जाने र फर्कने पर्यटकको बेनी-जोमसोम सडकमा चाप बढेको हो ।

मुक्तिनाथ मन्दिर, कागबेनी, कोरला नाका, लोमान्थाङ, जोमसोम, ढुम्वा ताल, ठिनी, लेतेलगायत ठाउँमा पर्यटकको घुइँचो लागेको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को जोमसोमस्थित कार्यालय प्रमुख अशोक सुवेदीले आन्तरिक पर्यटकको चाप बढेको र विदेशी पर्यटक पनि मुस्ताङ घुम्न आउन थालेको जानकारी दिनुभयो । “सडक र हवाईमार्ग भएर मुस्ताङ घुम्न आएका आन्तरिक पर्यटकका कारण चहलपहल बढेको छ,” उहाँले भन्नुभयो “थोराङ्ला, उपल्लो मुस्ताङ र जोमसोम आसपासका क्षेत्रमा पनि विदेशी पर्यटकको चहलपहल बढेको छ ।” सन् २०२३ को मार्च महिनाभित्र ११ दिनको अवधिमा एक हजार आठ सय ४४ विदेशी पर्यटक मुस्ताङ भित्रिएका एक्याप जोमसोम शाखाले जनाएको छ ।

अङ्ग्रेजी वर्ष २०२३ सुरु भएयता तीन हजार छ सय ६९ विदेशी पर्यटक मुस्ताङ भित्रिएका छन् । जनवरीमा एक सय ३१ र फेब्रअरीमा एक हजार छ सय ९९ पर्यटक आएका थिए । सन् २०२२ मा ४८ देशका ६५ हजार नौ सय ४० जनाले मुस्ताङ भ्रमण गरेकामा ४६ हजार सात सय २४ जना सार्क र १९ हजार दुई सय छ जना तेस्रो मुलुकका थिए ।

सार्क राष्ट्रका मध्ये धेरै पर्यटक भारतका हुन् । म्याग्दी भएर दैनिक ५० वटा बस र एक सय ५० जीप(पर्यटक सवारीसाधन)बाट मुस्ताङ भित्रने गरेका जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । अनुकुल मौसम, सडक यातायात र होटलको सहजतासँगै मुस्ताङमा पर्यटकको आगमन बढेको होटल व्यवसायी सम्झना थकालीले बताउनुभयो ।

विदेशीको तुलनामा स्वदेशी पर्यटक बढी छन् । आमा समूह, वन समूह, क्लब, सहकारी संस्था र शैक्षिक संस्थाबाट पनि समूह बनाएर भ्रमणमा आएका छन् । चीनको सिमानास्थित कोरला नाकासम्म सडक पुगेको छ । यातायातको सहज पहुँचसँगै यात्राको खर्च घटेको र समय छोटिएको छ । मुस्ताङ जाने र फर्कने पर्यटकको चाप बढेपछि म्याग्दीका व्यवसायीलाई पनि राहत मिलेको होटल तथा रेष्टुरेन्ट व्यवसायी सङ्घका जिल्लाअध्यक्ष बाबुराम आचार्यले बताउनुभयो । बेनी, गलेश्वर, भुरुङ तातोपानी, पोखरेबगर, दाना क्षेत्रका होटल पाहुनाले भरिन थालेका छन् ।

# चापाकोटका किसान सामूहिक आलुखेतीमा

पोखरापत्र संवाददाता
वालिङ, २८ फागुन

स्याङ्जाको चापाकोट नगरपालिकाका किसानले सामूहिकरुपमा आलु उत्पादन गरेका छन् ।

जिल्लाकै समथर र आलु उत्पादनका दृष्टिले उर्वरभूमि चापाकोटका किसानले समूहमार्फत लगाएको आलु यतिबेला भित्र्याउने बेला भएको छ । चापाकोट नगरपालिकाका-८, ९ र १० का विभिन्न ठाउँमा सामूहिक रुपमा आलु खेती गरिएको हो ।

एक्ला एक्लैभन्दा पनि सामूहिकरुपमा आलु खेती गर्दा काम गर्न पनि सहज हुने भएकाले समूहमार्फत आलु खेती गरिएको चापाकोट-९ को बेल्चौर शीतलटार किसान समूहका संयोजक रामु बस्यालले बताउनुभयो । “गाउँघरमा कामदार पाउन समस्या हुने भएकाले पनि खेती गर्न कठिनाइ हुन्थ्यो”, उहाँले भन्नुभयो, “समूहमार्फत गर्दा काम गर्न सहज हुनुकासाथै सीप तथा विधिकाबारेमा ज्ञान हस्तान्तरण भएको छ ।” समूहमार्फत पहिलो पटक चार रोपनी क्षेत्रफलमा चार सय ५० केजी आलुको बिउ लगाइएको उहाँले बताउनुभयो ।

समूहमा ५२ जना रहे पनि आलु खेतीमा २२ जना किसान प्रत्यक्ष सहभागी भएका हुन् । “सिँचाइ पर्याप्त हुन नसक्दा यसपटक अपेक्षा गरिए बमोजिम उत्पादन लिन सकेनौँ”, बस्यालले भन्नुभयो, “एक हजार एक सयकेजीभन्दा धेरै उत्पादन गरेका छौँ अब त्यसलाई समूहमार्फत बिक्री गरी आम्दानी बाँधेर राख्छौँ ।” एक्लाएक्लै काम गर्दाभन्दा समूहमार्फत काम गर्दा धेरै सजिलो भएको महसुस बेल्चौर शीतलटार आमा समूहकी अध्यक्ष ईश्वरी बस्यालको पनि छ । “धेरै पहिलेदेखि नै आलु घर-घरमा लगाउँथ्यौँ”, उहाँले भन्नुभयो, “समूहमार्फत गर्दा आधुनिक प्रविधि तथा सीपबारे जान्ने मौका मिल्यो, काम गर्नका लागि मान्छेको कमी भएको महसुस भएन ।” त्यस्तै चापाकोट १० का विभिन्न ११ टोलमा ३५/४० जनाको समूह बनाएर सामूहिकरुपमा आलु खेती गरिएको कार्यपालिका पूर्वसदस्य सूर्य माझीले जानकारी दिनुभयो । चापाकोट नगरपालिकाका १० नं वडामा मात्रै महिला दिदीबहिनीको सहभागितामा ११ समूह बनाएर आलु खेती गरिएको थियो ।

“आलु पकेट क्षेत्र बनाउने गरी यसअघि नै काम गरिएकोमा पुरानो र नयाँ समूह मिलाएर आलु खेती गरेका हौँ”, उहाँले भन्नुभयो, “चापाकोट १० मा मात्रै डेढसय रोपनीमा करिब ६ टन आलुको बिउ लगाइएको छ ।” चापाकोट वडा नं ८ मा पनि सामुहिकरुपमा आलु खेती गरिएको वडाध्यक्ष टोपलाल न्यौपानेले बताउनुभयो ।

# पृथ्वीराजमार्गको विमलनगर-घाँसीकुवा खण्ड थप पन्ध्र दिन बन्द

पोखरापत्र संवाददाता
दमौली, २८ फागुन

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको विमलनगर-घाँसीकुवा खण्ड आइतबारदेखि थप १५ दिन बन्द हुने भएको छ । मुग्लिन-पोखरा सडक विस्तार योजनाअन्तर्गत उक्त खण्ड १५ दिनसम्म दैनिक चार घण्टाका लागि बन्द गर्न लागिएको हो ।

उक्त खण्डमा यही फागुन १८ गतेदेखि राति १२ बजेदेखि बिहान ४ बजेसम्म सडक बन्द गरिएकामा फेरी २८ गतेदेखि चैत १२ गतेसम्मका लागि सोही समय अवधिमा अत्यावश्यक सवारीसाधन बाहेक अन्य सवारीसाधन पूर्णरूपमा बन्द गर्ने निर्णय भएको सहायक प्रमुख जिल्ला अधिकारी काशीराम गैह्रेले जानकारी दिनुभयो ।

उक्त खण्डमा काम जारी रहेकाले थप १५ दिन दैनिक चार घण्टा बाटो बन्द गर्न जिल्ला सुरक्षा समितिको बैठकबाट निर्णय भएको उहाँले बताउनुभयो । राजमार्ग बन्द नगरे सवारीसाधन सञ्चालन भइरहने र काम गर्न अप्ठ्यारो हुने भएकाले थप १५ दिन बाटो बन्द गर्न अनुरोध भएपछि प्रशासन कार्यालयबाट निर्णय भएको मुग्लिन पोखरा सडक योजना पूर्वीखण्डका प्रमुख इञ्जिनीयर नरेन्द्र सुवेदीले जानकारी दिनुभयो ।

उहाँका अनुसार बाटो बन्द गरेर रातको समयमा भीर काट्ने काम भइरहेको छ । उक्त सडक विस्तार योजनाअन्तर्गत तनहुँमा दुई खण्ड विभाजन गरिएकामा आँबुखैरेनीदेखि जामुनेसम्म एउटा खण्ड र जामुनेदेखि पोखरासम्म अर्को खण्डमा राजमार्ग विस्तारको काम भइरहेको छ । दुवै खण्डको हालसम्मको प्रगति १० प्रतिशत छ । पूर्वी खण्डअन्तर्गत तनहुँको आँबुखैरेनीदेखि जामुनेसम्मको भौतिक प्रगति १५दशमलव पाँच प्रतिशत छ । उहाँका अनुसार यस खण्डमा नाली निर्माण, रिटेनिङ वाल निर्माण, भित्ता काट्ने र सडक फराकिलो बनाउने काम भइरहेको छ । विद्युत् पोल स्थानान्तरण नहुँदा काम सुस्त भएको इन्जिनियर सुवेदीले बताउनुभयो ।

# एमालेको...

केपी शर्मा ओलीले गिरीलाई प्रमुख सचेतक र बर्तौलालाई सचेतकमा मनोनित गर्नुभएको हो ।

दुवैलाई यही फागुन २५ गतेदेखि लागू हुने गरी मनोनयन गर्नुभएको हो । गिरी पूर्वस्वास्थ्य तथा जनसङ्ख्या मन्त्री र बर्तौला एमाले पार्टी बागमती प्रदेशको उपसचिव हुनुहुन्छ । उहाँहरू दुवै जनालाई एमाले सङ्घीय संसदीय दलको विधान-२०७७ बमोजिम एमाले अध्यक्षसमेत रहनुभएका ओलीले मनोनयन गर्नुभएको हो । गत मङ्सिर ४ गते भएको प्रतिनिधिसभाको निर्वाचनमा गिरी पर्वत र बर्तौला मकवानपुर क्षेत्र नं २ बाट निर्वाचित हुनुभएको हो ।

# लोसपा, जनमत र नागरिक उन्मुक्ति पार्टीबीच कार्यगत एकताको सहमति

रासस
काठमाडौं, २८ फागुन

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीबीच कार्यगत एकताको सहमति भएको छ ।

शनिबार साँझ तीन दलबीच विभिन्न ‘एजेन्डा’मा सहकार्य गरी अगाडि बढ्ने निर्णय भएको नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ (चौधरी)ले राससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार मधेस र थारुहट आन्दोलनका मुद्दाको सम्बोधन, नागरिकता विधेयक, आन्दोलनकारी माथिका मुद्दा फिर्ता, राजबन्दीको रिहाइ, विगतका सहमति कार्यान्वयलगायतका एजेन्डासहित सहकार्य गर्ने सहमति भएको हो । कार्यगत एकताका लागि तीन पार्टीबीच सहमति पत्रसमेत तयार भएको बताइएको छ । उक्त सहमति पत्रमा जनमत पार्टीको तर्फबाट अध्यक्ष डा सिके राउत, लोसपाका अध्यक्ष महन्थ ठाकुर र नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ (चौधरी)ले हस्ताक्षर गर्नुभएको छ । तीन पार्टीबीच उपराष्ट्रपति निर्वाचनमा पनि सहकार्य गर्ने निर्णय भएको छ । उपराष्ट्रपतिमा जनमत पार्टीले ममता झालाई उम्मेदवार बनाएको छ ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति चैत २ गते बिहीबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन ०६१-५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरिनेछु।
- जर्ज बार्वर

**सम्पादकीय**

# पर्यटन क्षेत्रमा चीनको शुभ सन्देश

कोभिड -१९ देखि पर्यटन क्षेत्रमा परेको असरबाट चिन्तित व्यवसायीलाई चीनले सुखद सन्देश दिएको छ। नेपालमा चिनियाँ पर्यटकले भ्रमण गर्ने क्रम चल्ने बित्तिकै कोभिड-१९ ले सबै ढोका बन्द भएका थिए। नेपालले भ्रमण वर्ष २०२० संचालन गर्न नपाउँदै कोभिड-१९ का कारण स्थगित गर्नु परेको थियो।पर्यटन क्षेत्रमा पारेको नकारात्मक असर कम गर्न नेपालमा पर्यटकका लागि सुरक्षित छ भन्ने सन्देश सरकारले दिनुपर्ने हो।सरकारलाई त्यसबारे सोच्ने फुर्सद नभएको बेला चीनले नै सँभाइ दिएको छाचीन सरकारले नेपाललाई आफ्ना नागरिकले निर्बाध घुम्न पाउने सूचीमा नेपाललाई समेत सूचीकृत गरेको छ। नेपालस्थित चिनियाँ दूतावासका अनुसार १५ मार्च २०२३ (१ चैत) देखि चिनियाँ नागरिकलाई एजेन्सीहरुले नेपाल भ्रमणका लागि प्याकेज बिक्री गर्न सक्ने भएका छन्। यसले नेपालको पर्यटनमा थप उत्पाह ल्याउने व्यवसायीहरुको अपेक्षा छ। यो खबरले सबैभन्दा ठूलो उत्साह चिनियाँ पर्यटकलाई नेपाल भित्राउने व्यवसायीमा आएको छ। 'कोभिड-१९ यता उ निकै दयनीय अवस्थामा रहेका व्यवसायीले ठूलो राहत मिल्ने आशा राखेका छन।अब एकसाथ ठूलो सुधार आउने अपेक्षा गर्न सकिन्छ।

व्यवसायीहरुका अनुसार चिनियाँ नागरिकका बीचमा नेपाल लोकप्रिय गन्तव्य भित्रै पर्छ। यसो हुनुमा नेपाल चीनको नजिकको मुलुक हुनु र विना ट्रान्जिट सिधा उडानबाट नेपाल आउन मिल्ने हुनु हो। चिनियाँहरु समूहमा आउँछन् र पर्यटनमा एकसाथ उत्साह ल्याउने गरेको कोभिड-१९ अघिको अवस्थाले देखाएको थियो। पर्यटनबाट ट्रेकिङ गाइडदेखि होटल र यातायातमा समेत राम्रो प्रभावदेखिनेछा एउटा चिनियाँ समूह आयो भने एउटा होटल नै भरिने सम्भावना हुन्छ। जसले पर्यटन बजारमा राम्रो चहलपहल ल्याउँछ।' नेपालमा कोभिड-१९ को संक्रमण हुनु अगाडि सन् २०१९ मा इतिहासमै सर्वाधिक पर्यटक नेपाल आएका थिए। सो वर्ष ११ लाख ९७ हजार १९१ जना पर्यटक नेपाल आएका थिए। उक्त वर्ष भारतीयपछि नेपालमा चिनियाँ पर्यटक सवाधिक संख्यामा भित्रिएका थिए। नेपाल पर्यटन बोर्डका अनुसार सन् २०१९ मा चिनियाँ पर्यटकको संख्या १ लाख ६९ हजार ५४३ जना थिए। त्यो वर्ष भारतीय पर्यटकको संख्या २ लाख ५४ हजार १५० जना रहेको थियो। त्यसपछि भने चीनले आफ्ना नागरिकलाई अन्य मुलुकमा भ्रमणमा जान रोक लगायो।

सन् २०२३ पछि भने चीनले आफ्ना नीतिहरु खुकुलो बनाउँदै गयो। यसको प्रभाव तथ्यांकमा देखिन थालेको छ। फेब्रुअरी २०२३ मा २ हजार २६६ जना चिनियाँ पर्यटक नेपाल आएका छन्। अघिल्लो महिना (जनवरी) मा भने १ हजार ४३६ जना चिनियाँ पर्यटक नेपाल आएको तथ्यांक छ। यो क्रमश बढ्दै जानेछ। नेपालमा अफसिजन भएका बेला दूल्दूला रुपमा चिनियाँ नागरिक आउँछन्। यसले अफसिजनमा राम्रो बिजनेस हुन्छ। 'युरोपेली र भारतीय पर्यटकको एक निश्चित सिजन हुन्।, 'नेपाल आउन चिनियाँ नागरिकले सिजन खोज्दैनन्।' संसारमा सबैभन्दा बढी खर्च गर्ने पर्यटकको सूचीमा चिनियाँ पर्छन। चिनियाँहरु घुमफिरसँगै सपिङमा बढी रमाउँछन्। जसले गर्दा नेपालको स्वदेशी उत्पादनले राम्रो व्यापार हुन्छा चिनियाँ आकर्षक पर्यटक मानिन्छन्। 'चीनबाट घुमफिरमा निस्कने धेरैजसो पर्यटक उच्च र मध्यम आय भएकाहरु नै हुन्छन्।, 'होटलका लागि समेत चिनियाँ पर्यटक खर्चालु मानिन्छन्।' नेपाल युरोप र अमेरिकी मुलुकबाट आउने पर्यटक लामो पदयात्रामा जान रुचाउँछन्। तर, चिनियाँ नागरिकलाई यस्तो रुची छैन। उनीहरु समूहमा आउँछन् र एक क्षेत्र भित्रका अनेक गतिविधिमा रमाउँछन्।

पोखरा आउने चिनियाँ नागरिक प्याराग्लाइडिङ, जिपलाइन, हट एयर बलुन, बन्जी, बोटिङ सबै गर्न रुचाउँछन। नेपालमा काठमाडौं, पोखरा र चितवन चिनियाँ नागरिकले सबैभन्दा बढी रुचाएका गन्तव्य हुन। काठमाडौंको सम्पदा क्षेत्रको भ्रमणमा उनीहरु बढी आकर्षित हुन्छन्। चिनियाँ पर्यटक भित्रँदा पर्यटनसँग जोडिने सबै क्षेत्रले एक साथ बिजनेश पाउने गर्छन। नेपालमा कोभिडयता चीनले हवाई उडानलाई रोक लगाएको थियो। उडानमाथिको प्रतिवन्ध फुकुवा हुने क्रम जारी छ। त्यसपछि चाइना साउर्दनले नेपालमा उडान थालेको थियो। त्यसपछि हिमालय एयरलाइन्सले उडान सुचारु गऱ्यो। अहिले यो कम्पनीले कुनमिङ र बेइजिङमा नियमित उडान गरिरहेको छ। एयर चाइनाले छेन्दु-काठमाडौं रुटमा उडान थालेको छ। सिचुवान एयरले समेत नेपालमा सातामा चार उडान गर्ने गरी तालिका सार्वजनिक गरिसकेको छ। यी सबै नेपालको पर्यटन क्षेत्रका लागि सुखद सन्देश हो।

# गाई गोरु पाल्नेलाई एक हजार भत्ता

रन्जिता आचार्य
पर्वत, २८ फागुन

पर्वत जिल्लाको जलजला गाउँपालिकाले स्थानीय जातका गाई वा गोरु पालेका कृषकलाई प्रति पशु एक हजार रुपैयाँका दरले भत्ता उपलब्ध गराउने भएको छ।

कृषिमा आधुनिकता भित्रिए आधुनिक औजारको प्रयोग बढेसँगै रैथाने जातका गाई/गोरु पाल्ने चलन हराएकाले त्यसको रक्षाका लागि प्रति गाईगोरुलाई एक हजार रुपैयाँ भत्ता दिन लागिएको हो। चालु आर्थिक वर्षबाट सुरु भएको यो कार्यक्रमका लागि यस वर्ष चार लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ।

लोप हुँदै गएका स्थानीय जातका गाईगोरुको संरक्षणका लागि सहयोग पुग्ने भएकाले यो कार्यक्रम सुरु गरिएको पालिकाका अध्यक्ष राजु आचार्य बताउँछन्। 'कृषिमा आधुनिकिकरण त भएको छ। तर स्थानीय जातका बलिया गोरु हराए। ती गोरु जन्माउने स्थानीय गाई पाउन नै मुस्किल भइसक्यो। सबै अवस्थामा औजारको काम सहज हुँदैन,' उनले भने 'समथर जमिनमा औजारले धेरै फाइदा हुने भए पनि अग्ला कान्ला रहेका पहाडी क्षेत्रमा मिनी टिलरको प्रयोग सहज छैन। सबैले किन्न सक्ने र चलाउन सक्ने अवस्था पनि कहाँ छ र? औजार प्रयोग गरे पनि गोरुको आवश्यकता अझै पनि उस्तै नै छ।'

विद्यार्थी पत्रकार

# सहिद स्मारक 'ए' डिभिजन लिग फुटबल

रासस
काठमाडौं, २८ फागुन

सहिद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगिताअन्तर्गत आइतबार भएको न्युरोड टिम (एनआरटी) र त्रिभुवन आर्मी क्लबबीचको खेल बराबरीमा सकिएको छ।

सातदोबातोस्थित च्यासल मैदानमा आज भएको खेलमा एनआरटी र आर्मीले ३-३ गोलको बराबरी खेलेका हुन्। एनआरटीका लालनुनजामाले दुई तथा जिन एनिस एमबोउमीले एक गोल गरे भने आर्मीका लागि नवयुग श्रेष्ठ, सुदिल राई र दिनेश हेन्जनले एक/एक गोल गरे।

खेलमा सुरुआती अग्रता भने आर्मीले लिएको थियो। खेलको १५औँ मिनेटमा नवयुग श्रेष्ठले पेनाल्टीबाट गोल गर्दै आर्मीलाई सुरुआती अग्रता दिलाए। खेलको ५२औँ मिनेटमा एनआरटीका लालनुनजामाले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए। त्यसपछि खेलको ५७औँ मिनेटमा एनआरटीका एमबोउमिले पेनाल्टीबाट गोल गर्दै खेललाई २-१ ले आगाडि बढाए। खेलको ६२औँ मिनेटमा लालनुनजामाले व्यक्तिगत दोस्रो गोल गर्दा एनआरटी ३-१ गोलको अग्रता बनाए।

त्यसपछि खेलको ६८औँ मिनेटमा आर्मीका सुदिलले गोल गर्दै खेललाई ३-२ को स्थितिमा ल्याए। खेलको ८६औँ मिनेटमा आर्मीका अर्का खेलाडी दिनेशले फ्रिकिकमार्फत गोल गर्दै खेललाई ३-३ गोलको बराबरीमा ल्याए। यस बराबरी खेलसँगै एनआरटीले ३ खेलमा १ अङ्क जोडेको छ। समान तीन खेल खेलेको आर्मीको पाँच अङ्क भएको छ।

आजै एन्फा कम्प्लेक्समा सम्पन्न अर्को खेलमा मनाङ मर्स्याङ्दी क्लब र मछिन्द्र फुटबल क्लबले गोल रहित बराबरी खेल्दै अङ्क बाँडेका छन्। यस बराबरीसँगै मनाङले ३ खेलमा ५ अङ्क जोडेको छ। साविक विजेता मछिन्द्रले ३ खेलमा १ अङ्क जोडेको छ।

# चालु खाता २१ अर्ब ६४ करोडले घाटामा


रासस
काठमाडौं, २८ फागुन

चालु आर्थिक वर्ष २०७९/८० को माघ मसान्तसम्ममा सरकारको चालु खाता रु २१ अर्ब ६४ करोडले घाटामा रहेको छ।

नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार गत आवको तुलनामा चालु खाता घाटा घटेको देखिएको हो। आर्थिक वर्ष २०७८/७९ को माघसम्ममा चालु खाता रु चार खर्ब ११ अर्ब ३४ करोडले घाटामा रहेको थियो। यही अवधिमा शोधनान्तर स्थिति भने बचतमा देखिएको छ। माघ मसान्तसम्ममा शोधनान्तर स्थिति रू एक खर्ब ३३ अर्ब २१ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु दुई खर्ब ४७ अर्ब ३ करोडले घाटामा रहेको थियो। त्यसैगरी चालु आर्थिक वर्षको सात महिनामा नेपालले भित्र्याएको खुद प्रत्यक्ष वैदेशिक लगानी रू एक अर्ब चार करोड रहेको राष्ट्र बैंकले जनाएको छ। गत आर्थिक वर्षको सोही अवधिमा सरकारले रू १६ अर्ब २९ करोड बराबर प्रत्यक्ष वैदेशिक लगानी भित्र्याएको थियो।


**दुवै नाम थर भएको व्यक्ति एउटै भएको सूचना**

बागलुङ जिल्ला गल्कोट नगरपालिका वडा नं. १ निवासी भारतीय भू.पू. सैनिक नं. ५४४४६८३ हवल्दार भिम बहादुर खड्काको छोरीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर कुन्ती कुमारी खड्का र जन्ममिति वि.सं. २०३९/१०/१२ भएको साथै निजको भारतीय पेन्सन डकुमेन्टमा नामथर Khinti Kumari र Date of Birth 06 July 1982 उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर र जन्ममिति भएता पनि व्यक्ति एउटै भएको व्यहोरा सबै को जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



नागरिकता प्रमाणपत्रमा
कुन्ती कुमारी खड्का
जन्ममिति वि.सं. : २०३९/१०/१२

भारतीय पेन्सन डकुमेन्टमा
Khinti Kumari
Date of Birth : 06 July 1982


# उपभोक्ताको मनमा बस्दै खाद्य कम्पनी

पोखरापत्र संवाददाता
पोखरा, २८ फागुन

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, गण्डकी प्रादेशिक कार्यालय पोखरा बिरौटा स्थित बिग्लो कक्षबाट दिनहुँ एक लाख बराबरको चामल सर्वसाधारण जनताको लागि बिक्री भईरहेको जानकारी जिन्सी स्टोर शाखाका स्टोर किपरले बताउनुभयो।

दिनहुँ बढ्दो बजार मूल्यले उपभोक्ता मारमा परेको तथा खाद्यको चामल गुणस्तरीय र बजार मूल्य भन्दा धेरै सस्तो भएकाले खाद्यको महत्व बढ्न थालेको छ। हाल यहाँबाट २ प्रकारको चामल बिक्री वितरण भई रहेको र अब ०७९ चैत्र महिनादेखि यसको सेवा विस्तार गर्ने उद्देश्यले पो.म.न.पा. ९, पृथ्वी चोक स्थित साबिक नेशनल ट्रेडिङ लिमिटेडको हाताभित्र रहेको बिक्री कक्ष उद्घाटन गर्ने तयारी भई रहेको जानकारी लेखा तथा प्रशासन शाखाका रन्जना के.सी ले जानकारी दिनुभयो।

नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित यस कम्पनीले हाल खाद्य सुरक्षाका लागि सुरक्षा भण्डारणमा राख्नुपर्ने, मूल्य स्थिरीकरणका लागि प्रयोग गर्नुपर्ने र व्यवसायिक प्रयोजनका लागि आबश्यक पर्ने खाद्य तथा अन्य वस्तुहरु खरिद तथा प्राप्त गर्ने कम्पनीसँग उपलब्ध खाद्यलगायतका अन्य वस्तुहरु सुरक्षित भण्डारण गर्ने, गुणस्तर कायम राख्ने कम्पनीका खाद्य तथा अन्य वस्तु उपभोक्तालाई प्रतिस्पर्धी वा सुपथ मूल्यमा बिक्री, बितरण वा आपुर्ति गर्ने व्यवस्था मिलाउने।

देशमा अत्यावश्यक वस्तुको आपुर्ति व्यवस्थालाई सहज र सन्तुलित बनाई राख्ने कार्यमा वणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग र आपूर्ति व्यवस्थासँग सम्बन्धित नेपाल आयल निगम, साल्ट ट्रेडिङ कम्पनी, दुध विकास संस्थानजस्ता सरकारी निकायहरुसँग समन्वय र सहकार्य गर्ने जस्ता कार्य गर्दै आएको छ। कम्पनीको स्वामित्वमा रहेका घर-जग्गाजस्ता अचल सम्पत्तिको अध्यावधिक विवरण तयार गरी संरक्षण गर्ने एवं उपयुक्तविधि सरकारी निजी साझेदारी समेतबाट अधिकतम उपयोग गरी नियमित र दिगो आयआर्जनको व्यवस्था मिलाउने, जिर्ण अवस्थाका गोदामहरुको मर्मत सम्भार र पुनःनिर्माण गरी गोदामको क्षमता जस्ता कार्यहरुको चुनौती रहेको जानकारी निमित्त प्रादेशिक प्रमुख नबिन बस्नेतले दिनुभयो।

# आइसीसी लिग-२ : नेपालद्वारा एकदिवसीय मान्यता सुरक्षित

रासस
काठमाडौं, २८ फागुन

आइसीसी पुरुष क्रिकेट विश्व कप लिग-२ अन्तर्गत जारी शृङ्खलामा यूनाइटेड अरब इमिरेट्स (यूएई)लाई हराउँदै नेपालले एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता सुरक्षित गर्न सफल भएको छ। घरेलु मैदानमा आफ्नो दोस्रो खेलमा युएईलाई एक सय ७७ रनले हराउँदै नेपालले एकदिवसीय मान्यता कायमै राखेको हो। यो जितसँगै नेपालले थप चार वर्षका लागि एकदिवसीय मान्यता सुरक्षित राखेको हो।

नेपालले सन् २०१८ मा पहिलो पटक क्रिकेटमा एकदिवसीय मान्यता पाएको थियो। हाल जारी लिग-२ को शीर्ष पाँच स्थानसम्म कायमै रहने राष्ट्रलाई अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसीसी)ले एकदिवसीय मान्यता दिने प्रावधान छ। आजको जितसँगै नेपाल सात राष्ट्र सम्मिलित लिग-२ को चौथो स्थानमा उक्लेको छ। नेपालले लिग-२ मा अब दुई खेल खेल्न बाँकी छ। जारी शृङ्खलामा हालसम्म नेपालले ३४ खेलबाट ३६ अङ्क जोडेको छ। युएईले समान खेलमा ३१ अङ्क बनाएको छ। युएई लि-२ को छैटौँ स्थानमा छ। उसले पनि अब दुई खेल्न बाँकी छ। यस्तै पपुवा न्युगिनी लिग-२ को पुछारमा छ। लिग-२ का यि तीन राष्ट्रसँगै स्कटल्याण्ड, ओमान, नामिबिया र अमेरिका समेत रहेका छन्।

आजको खेलमा नेपालको घातक बलिङसामु युएईका ब्याटर निरीह साबित भए। जितका लागि नेपालले दुई सय ४९ रनको लक्ष्य दिएकामा युएईको पारी ७१ रनमै ध्वस्त भयो। कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा आज नेपालले टस जितेर पहिला ब्याटिङ गर्ने निर्णय गरेको थियो। नेपालले निर्धारित ५० ओभरको खेलमा ४९ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै २४८ रन बनाएको थियो। नेपालले २२ रन बनाउँदा तीन विकेट गुमाइसकेको अवस्थामा कप्तान रोहितकुमार पौडेलले पारी सम्हालेका थिए। उनले ११२ बल खेल्ने क्रममा नौ चौकासहित ७७ रन बनाए। पौडेल आजको खेलमा प्लेयर अफ द म्याचसमेत घोषित भए।

यस्तै, आरिफ शेखले ५२ बल खेल्दै ४३, गुल्सन झाले ३१ बलमा ३७, दीपेन्द्रसिंह ऐरीले १९ बलमा ३४ रन र भीम सार्कीले ३७ बल खेल्दै २९ रन बनाए। बलिङतर्फ यूएईका लागि आयान अफजल खान, जहुर खान, रोहन मुस्तफा र जवार फरिदले दुई/दुई तथा आर्यन लाक्रा र जुनैद सिद्धिकीले एक/एक विकेट लिए। दुई सय ४९ रनको विजयी लक्ष्य पछ्याउने क्रममा यूएईले २२ दशमलव पाँच ओभरमा आफ्ना सबै विकेट गुमाउन पुग्यो। युएईले आठ रन बनाउँदा चार विकेट गुमाएको थियो। उसका लागि आयान अफजल खानले सर्वाधिक २९ रन बनाए। यस्तै अशवान्थ वल्यप्पाले १४ तथा कार्तिक मैयाप्पनले अविजित ११ रन बनाए।

युएईलाई न्यून रनको योगफलमा समेट्न नेपालका ललितनारायण राजवंशीले महत्वपूर्ण भूमिका निभाए। उनले सात दशमलव पाँच ओभर बलिङ गर्ने क्रममा दुई मेडन राख्दै २० रन खर्चेर पाँच विकेट लिए। यस्तै सन्दीप लामिछानेले चार ओभरमा १४ रन खर्चेर दुई विकेट लिए। यसैगरी सोमपाल कामी, दीपेन्द्रसिंह ऐरी र गुल्सन झाले एक/एक विकेट लिए।

# पिरामिडको देशमा मनाइयो नेपाली वसन्त उत्सव

रासस
काठमाडौं, २८ फागुन

इजिप्टस्थित नेपाली राजदूतावासको आयोजनामा राजधानी कायरोमा शनिबार 'नेपाली वसन्त उत्सव, २०२३' मनाइएको छ।

नेपाली बालबालिकाको स्वागत नृत्य प्रस्तुतिबाट सुरु भएको उक्त कार्यक्रममा इजिप्टका प्रथम सगरमाथा आरोही ओमार साम्राले नेपाली कला, संस्कृति र परम्पराको विविधता तथा सम्पन्नताको वर्णन गर्दै आफूले सगरमाथा आरोहण गर्दाको अनुभवबारे प्रवचन दिनुभएको थियो। अर्का सगरमाथा आरोही शरीफ ओबाल्डले साहसिक खेलका लागि नेपालका अद्वितीय स्थानको वर्णन गर्दै त्यस्ता खेलले मानिसलाई शारीरिक, मानसिक एवं भावनात्मकरूपमा स्वस्थ राख्न महत्वपूर्ण भूमिका निर्वाह गर्नेबारे चर्चा गर्नुभएको इजिप्टस्थित नेपाली दूतावासले जनाएको छ।

कार्यक्रममा इजिप्टका लागि नेपाली राजदूत सुशीलकुमार लम्सालले यस कार्यक्रमले इजिप्टका नागरिकमाझ नेपालको अदभूत प्राकृतिक तथा सांस्कृतिक सम्पदा एवं पर्यटकीय आकर्षणबारे जानकारी हुने बताउनुभयो। उहाँले दुई देशबीच जनस्तरको सम्बन्ध थप प्रगाढ बनाउन यस्ता कार्यक्रम आवश्यक पर्ने उल्लेख गर्नुभयो।कायरोस्थितविश्वस्वास्थ्य सङ्गठनमा कार्यरत खुस्बु गुप्ताले योग प्रणालीको उन्नयनमा योगभूमि नेपालको योगदानबारे चर्चा गर्दै योगाभ्याससहित एक प्रयोगात्मक प्रस्तुति गर्नुभएको थियो। पूर्वराजदूत अब्दुल फत्तेहले महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित 'घाँसी' कविताको अरबी अनुवाद पढेर सुनाउनुभएको थियो।


**वीमा पोलिसी हरायो**

मिति २०७९/११/१९ गते मालेपाटन बाट अमरसिंहचोक सम्म जाँदा मेरो निम्न व्यहोरा भएको वीमा पोलिसी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरीचौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

नामः भरत बहादुर खत्री
ठेगानाः पोखरा-५, कास्की
पोलिसी नं.: १३०००८७६७
सम्पर्कः ९८५६०२२४५५


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मन चञ्चल | धनु | : मानसिक तनाब |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |


**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# उपसभामुखका स्वकिय सचिव शर्मा सम्मानित

प्रतिक्षा पौडेल/रन्जिता आचार्य
पोखरा, २८ फागुन

नेपाल अपाङ्ग समाज सेवा संघ केन्द्रीय कार्यालयले आईतवार गण्डकी प्रदेशका उपसभामुख बिना कुमारी थापाका स्वकिय सचिव प्रकाश शर्मालाई खादा माला र सम्मानपत्रले सम्मान गरेको छ।

लामो समय अपाङ्ग भएका व्यक्तिहरूलाई सहयोग गर्दै आएका शर्मालाई संस्थाले सम्मान गरेको अध्यक्ष बुदिवहादुर पन्तले वताए । बिउपुजि वितरण तथा सम्मान कार्यक्रममा प्रमुख अतिथि गण्डकी प्रदेशका उपसभामुख बिना कुमारि थापाले अपाङ्गता भएकाहरुलाई राज्यवाट ठुलो सहयोग गरे सुखि नेपालि संमृद नेपाल निर्माणको अभियान सफल हुने वताईन् । कार्यक्रममा सामुदायिक सेवा जिल्ला समन्वय समिति उपाध्यक्ष ज्ञनेन्द्र शर्माले समाजमा रहेका फरक क्षमताका व्यक्तिहरूलाई हामी सवैले सहयोग गर्नु पर्ने वताए ।

सामुदाय जिल्ला समन्वय समितिले पनि रचनात्मक




सृजनात्मक काम गर्दै जनताको मन जित्दै आएको वताए। शान्तिघाट आमा समुहका अध्यक्ष सरस्वती श्रेष्ठले समाजमा रहेका जो काम गर्न सक्नुहुन्न उहाहरूको वडाले अभिलेख राखेर काम गर्नु पर्ने वताईन् । कार्यक्रममा समाजिक व्यक्तित्व दुर्गा प्रसाद श्रेष्ठले अब आउने वजेट अपाङ्ग मैत्रि हुनुपर्ने वताए। कार्यक्रममा महिला अधिकार मन्च केन्दिय सदस्य दिलमाया गुरुङले सामाजिक काममा सहयोग गर्दै आउनु भएका प्रकाश शर्माले राम्रो काम गरेकोमा प्रशंसा गरिन् र शर्माले आफ्नो जन्मदिन समेत अपाङ्गता भएका व्यक्तिसंग रचनात्मक सहयोग गर्दै मनाउदै आएको वताईन् । कार्यक्रममा २१ जना अपाङ्गता भएका व्यक्तिहरूलाई बिउपुंजि र कुखुराका चल्ला वितरण गरेका थिए । कार्यक्रम वुद्धिवहादुर पन्तको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव जगदिश खनालले गरेका थिए।

# तनहुँ जलविद्युत् आयोजनाः डाइभर्सन टनेलको ब्रेक थ्रु

-कृष्ण न्यौपाने
दमौली, २८ फागुन

तनहुँको ऋषिङ गाउँपालिका-१ भ्फापुटारमा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको 'डाइभर्सन टनेल' (सुरुङ)को 'ब्रेक थ्रु' भएको छ। आयोजनाले छ सय २६.९२ मिटर लम्बाइको डाइभर्सन टनेलको निर्माण सम्पन्न गरेको हो । उक्त टनेलबाट नदीको पानी निकास गर्न सकिने आयोजनाले जनाएको छ।

आयोजनाको बाँधस्थल निर्माणका लागि नदीको पानी तर्काउनुपर्ने हुँदा उक्त टनेल खनिएको आयोजना प्रमुख राजभाइ शिल्पकारले जानकारी दिनुभयो । उहाँका अनुसार नदीको सतहमा टनेल निर्माण गरिएको छ।

आयोजनाले गत माघमा प्रवेश सुरुङको ब्रेक थ्रु गरेको थियो । सेती नदीको बायाँ किनारतर्फबाट प्रस्तावित बाँधको माथिल्लो भागतर्फ जाने चार सय ३६ मिटर लम्बाइ र सात मिटर व्यास भएको प्रवेश सुरुङको ब्रेक थ्रु भएको थियो । व्यास नगरपालिका-५ बेतेनी हुँदै बाँधतर्फ जाने उक्त सुरुङलाई आयोजनाको निर्माण सम्पन्न भएपछि पनि स्थायीरूपमा प्रयोग गरिने छ । आयोजनाको निर्माण सम्पन्न भएपछि यही सुरुङ हुँदै बाँधतर्फ जान सकिने छ। को पहिलो प्याकेजअन्तर्गत एक सय ४० मिटर अग्लो बाँधलगायतका संरचना स्रोङ दा कर्पोरेसन, भियतनाम-कालिका कन्स्ट्रक्सन प्रालि नेपाल जेभीले निर्माण गरिरहेको छ । जसअन्तर्गत अहिले मुख्य बाँध निर्माणका लागि नदी फर्काउनका लागि आवश्यक डाइभर्सन सुरुङ, बाँधको माथिल्लो भाग तथा स्लोप खने कार्य, प्रवेश सडकको स्तरोन्नतिलगायतका काम भइरहेका छन्।

पाँच सय ३९.८ मिटर लम्बाइको डाइभर्सन सुरुङ-१ को ब्रेक थ्रु भइसकेको छ । आयोजनाको सुरुङ, विद्युत्गृह निर्माण र हाइड्रोमेकालिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायतका दोस्रो प्याकेजको निर्माण सिनो हाइड्रो चीनले गरिरहेको छ । आयोजनाको तेस्रो प्याकेजअन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म दुई सय २० केभीको डबल सर्किट प्रसारण लाइन निर्माणकार्य केइसी भारतले गरिरहेको छ। आयोजनाको समग्र निर्माण २०८३ साल असारभित्र सक्ने लक्ष्य राखिएको छ । कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलरको लागि एडिबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर ब्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ। तीनवटा प्याकेजमा काम भइरहेको आयोजनाको हालसम्म ३४ प्रतिशत भौतिक प्रगति भएको छ । आयोजनाले हालसम्म रु १३ अर्ब ७५ करोड ६७ लाख ५० हजार खर्च गरेको छ। आयोजनाको प्याकेज-१ अन्तर्गत हेडवर्क्स निर्माणकार्यका लागि सोङ दा कर्पोरेसन, भियतनाम कालिका कन्स्ट्रक्सन प्रालि, नेपाल जेभीसँग विसं २०७७ चैत ९ गते रु २१ अर्ब ६६ करोड ४० लाख ४१ हजार आठ सय ७८ मा खरिद सम्झौता भएको थियो। यो प्याकेजअन्तर्गत मुख्य बाँध निर्माणका लागि नदी फर्काउन आवश्यक पर्ने डाइभर्सन सुरुङ-१ र २ को निर्माणकार्य जारी रहेको आयोजनाले जनाएको छ। दुवै डाइभर्सन सुरुङको इनलेट र आउटलेटबाट खने काम भइरहेको आयोजनाले जनाएको छ । बाँधको माथिल्लो भागको स्लोप खने कामअन्तर्गत हालसम्म इलिभेसन तह पाँच सय ४४ मिटरबाट चार सय ८० मिटरसम्म खने काम सम्पन्न भइसकेको छ । यसैगरी बाँधको दायाँ किनारातर्फबाट माथिल्लो भागको स्लोप खनका लागि पहुँच सडक निर्माणकार्य सुरु गरिएकामा वर्षाका कारण प्रभावित भएको थियो । हालसम्म इलिभेसन तह चार सय ७० मिटरसम्म खने काम सकिएको आयोजनाले जनाएको छ। प्याकेज-१ अन्तर्गतको कार्य विसं २०८३ जेठ १७ गतेभित्र सम्पन्न गर्ने लक्ष्य राखिएका हालसम्म रु दुई अर्ब २३ करोड ६८ लाख ४३ हजार खर्च भई समग्र भौतिक र वित्तीय प्रगति क्रमशः १२.६८ र ११.६७ प्रतिशत रहेको आयोजनाले जनाएको छ।

आयोजनाको प्याकेज-२ को निर्माणकार्यका लागि सिनो हाइड्रो कर्पोरेसनसँग विसं २०७५ असोज १५ गते युएस डलर एक अर्ब १४ करोड एक लाख ८८ हजार नौ सय ५८ र नेपाली रु तीन अर्ब ८३ करोड १३ लाख ६० हजार तीन सय ६१ मा खरिद सम्झौता भएको थियो । खरिद सम्झौताबमोजिम निर्माणकार्य सुरु गर्न कार्यादेश जारी गरेपश्चात् सिनोले विसं २०७५ माघ ६ गतेबाट आयोजनास्थलमा परिचालित भई निर्माणकार्य जारी राखेको छ । यो प्याकेज अन्तर्गत ८९ मिटर लम्बाइ, २२ मिटर चौडाइ र ५१ मिटर उचाइ भएको भूमिगत विद्युतगृह खने काम विसं २०७९ असार १० गते सम्पन्न भएको आयोजनाले जनाएको छ । यसका अतिरिक्त मुख्य पहुँच सुरुङ, केबल सुरुङ र सेती नदीको दायाँतर्फबाट बाँधस्थलतिर जाने तथा सर्ज ट्याङ्कतर्फको पहुँच सुरुङ निर्माण सम्पन्न भएको श्रेष्ठले बताउनुभयो । आयोजनाको एक हजार चार सय ५६.९ मिटर लामो मुख्य सुरुङ विसं २०७८ कात्तिकबाट खन्न सुरु गरिएकामा मङ्सिर मसान्तसम्म छ सय ८० मिटर खन्ने काम सकिएको छ। आयोजनाको दुई सय १०.९ मिटर टेलरेस सुरुङ विसं २०७७ फागुन २९ गतेदेखि खन्न सुरु गरिएकामा उक्त काम सम्पन्न भइसकेको छ । हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल कार्यअन्तर्गत पेनस्टक जडानका लागि खन्ने काम ६४ मिटर रहेकामा सम्पूर्ण पेनस्टक खन्ने कार्य सकिएको छ। प्याकेज-३ अन्तर्गत प्रसारण लाइन निर्माणका लागि ४८ वटा टावरको जग हालिसकिएको आयोजनाले जनाएको छ । छब्बीस वटा टावर जडानकार्य सम्पन्न भएको र आठ स्थानमा टावर प्रोटेक्सन कार्य गरिएको छ । ३४.७ किमी प्रसारण लाइनमा ९४ वटा टावर राखिनेछ । प्रसारण लाइन निर्माणको काम सन् २०२२ मेसम्म सम्पन्न गर्ने लक्ष्य राखिएकामा कोभिड-१९ को महामारी र वन क्षेत्रको रुख कटानको स्वीकृति वन मन्त्रालयबाट प्राप्त हुन ढिलाइ हुँदा सम्झौताको म्याद सन् २०२४ डिसेम्बर १९ सम्म थप गरिएको छ।

# महानगरले दियो प्रहरीलाई स्कुटर र साइकल

पोखरापत्र संवाददाता
पोखरा, २८ फागुन

पोखरा महानगरपालिकाले आफ्नो सातौँ स्थापना दिवसका अवसरमा जिल्ला प्रहरी र ट्राफिक प्रहरी कार्यालय, कास्कीलाई दुई विद्युतीय स्कुटर र तीन साइकल प्रदान गरेको छ।

आइतबार सभागृहमा आयोजित समारोहमा महानगरप्रमुख धनराज आचार्यले प्रहरी कार्यालयका प्रतिनिधिलाई स्कुटरको चाबी हस्तान्तरण गर्नुभएको हो । ट्राफिक व्यवस्थापनसँगै सुरक्षा प्रबन्धमा सहयोग पुऱ्याउने उद्देश्यले महानगरलेस्कुटररसाइकलदिएको हो। सोही अवसरमा महानगरको सरसफाइलगायत अभियानमा सहयोग पुऱ्याएका विभिन्न कार्यालय, सङ्घसंस्था र व्यक्तिलाई सम्मानसमेत गरेको थियो । महानगरमा ३० वर्षभन्दा बढी सेवा गरेका २६ कर्मचारीलाई दीर्घसेवा पदकद्वारा सम्मान गरिएको प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रदेव भारतीले जानकारी दिनुभयो । वर्षभरिमा सर्वोत्कृष्ट कार्यसम्पादन गर्ने आर्थिक विकास महाशाखाका प्रमुख मनोहर कडरियालाई रु २५ हजारसहित पुरस्कृत गरिएको थियो। उत्कृष्ट कर्मचारीका रूपमा १० जनालाई रु १५ हजारसहित पुरस्कृत गरिएको महानगरले जनाएको छ । समारोहमा बोल्दै प्रमुख आचार्यले पोखराको समृद्धिका लागि आधार तयार भएको बताउनुभयो।

बढ्दो जनअपेक्षा पूरा गर्नु चुनौतीपूर्ण रहेको उल्लेख गर्दै उहाँले अल्पकालीन र दीर्घकालीन योजना बनाएर विकासको काम थालिएको उल्लेख गर्नुभयो । विकास निर्माणसँगै सेवा प्रवाहलाई चुस्त बनाउन महानगरमा एकद्वारा प्रणाली अपनाइएको उहाँको भनाइ छ । आगामी बजेट तथा कार्यक्रमलाई परिणाममुखी बनाउन वडा तहबाटै 'प्रोजेक्ट बैंक' बनाएर काम गरिने प्रमुख आचार्यले बताउनुभयो।

# स्ववियु निर्वाचन : आठ क्याम्पसमा अवरुद्ध

रासस
काठमाडौं, २८ फागुन

त्रिभुवन विश्वविद्यालय (त्रिवि)मा हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनका आङ्गिकतर्फ आठ क्याम्पसमा निर्वाचन प्रक्रिया अवरुद्ध भएको छ । देशभरका क्याम्पसमा हिजो (फागुन २७ गते) उत्साहजनक रूपमा उम्मेदवारको मनोनयन भए पनि आठ आङ्गिक क्याम्पसमा भर्ना विवादले निर्वाचन प्रक्रिया अवरुद्ध भएको छ । त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले विद्यार्थी सङ्गठनबीच भर्नाका विषयमा विवाद भएको कारणले निर्वाचन प्रक्रिया रोकिएको जानकारी दिनुभयो।

उहाँका अनुसार उपत्यकामा त्रिचन्द्र क्याम्पस, विश्वभाषा क्याम्पस र आयुर्वेद क्याम्पस तथा उपत्यकाबाहिर पृथ्वीनारायण क्याम्पस पोखरा, महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्ज, सिद्धनाथ विज्ञान बहुमुखी क्याम्पस महेन्द्रनगर, धवलागिरि क्याम्पस बागलुङ र वीरेन्द्र क्याम्पस चितवनमा निर्वाचन प्रक्रिया अवरुद्ध भएका हुन्।

उहाँले अवरुद्ध भएको क्याम्पसमा निर्वाचन प्रक्रिया थाल्न क्याम्पस प्रमुखलाई निर्देशन दिइसकेको जानकारी दिनुभयो । "हामी यसपटक सबै क्याम्पसमा निर्वाचन गराउने छौँ", उहाँले भन्नुभयो, "रोकिएको क्याम्पसमा विद्यार्थी सङ्गठनसँग वार्ता गरेर प्रक्रिया अगाडि बढाउन निर्देशन दिएका छौँ।"

आरआर क्याम्पस, नेपाल कमर्श क्याम्पस, जनप्रशासन क्याम्पसमा रोकिएको निर्वाचन प्रक्रिया आजै सुरु गर्ने उहाँले जानकारी दिनुभयो । हिजो उम्मेदवारीसँगै विगत १४ वर्षदेखि नियमित हुन नसकेको स्ववियु निर्वाचन हुने सुनिश्चित भएको हो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ३३ राउसे खोलादेखि भ्फिगाटेसम्म भल व्यवस्थापन तथा नाला निर्माण कार्य गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः राउसे खोलादेखि भ्फिगाटेसम्म भल व्यवस्थापन तथा नाला निर्माण**

**स्थानः पोखरा-३३, उपल्लो पुडी, कास्की**
**योजना सम्झौता मिति : २०७९/१०/०५ गते**
**योजना सुरु भएको मिति : २०७९/१०/१० गते**
**योजना सम्पन्न मिति : २०७९/११/२४ गते**
**योजनाको कुल लागत : रु. ७,७७,८१३.७६ ।-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.७,००,००० ।-**
**जन सहभागितावाट : रु.७७,८१३.७६ ।-**
**उपभोक्ता समिति अध्यक्षः गंगा बहादुर पुन**
**सचिवः हरि बहादुर थापा**

**राउसे खोलादेखि भ्फिगाटेसम्म भल व्यवस्थापन तथा नाला निर्माण उपभोक्ता समिति पोखरा-३३, कास्की**



## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

**(नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित)**

**गण्डकी प्रादेशिक कार्यालय पोखरा**

## पेट्रोल पम्प भाडामा लगाउने सम्बन्धी १५ दिने सूचना

**प्रकाशित मिति : २०७९/११/२९**

कास्की जिल्ला पो.म.न.पा. ९, पृथ्वीचोक स्थित साबिक नेशनल ट्रेडिङ्ग लिमिटेडको हाता भित्र रहेको पेट्रोल पम्प र सो ले चर्चेको पश्चिम तर्फको अस्थायी टहरा सहित ५ वर्षको लागि भाडामा दिनका लागि सूचना गर्ने भनि प्रधान कार्यालयको सम्पत्ती व्यवस्थापन तथा पूर्वाधार विकास विभागको मिति २०७९/११/२८ गतेको निर्देशन अनुसार न्युनतम मासिक भाडादर रु. १,४०,०००।- (अक्षरुपी रु.एक लाख चालिस हजार मात्र) भन्दा कम नहुने गरि हाललाई ५ वर्षको लागि प्रचलित कानुनले बन्देज नगरिएको व्यापार व्यवसाय संचालन गर्नको लागि भाडामा लिन चाहने ईच्छुक नेपाली नागरिक, संघ संस्था, फर्म वा व्यक्तिहरुले गोप्य शिलबन्दी दरभाउ (कोटेशन) पेश गर्न हुन यो १५ दिने सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धमा अन्य कुनै जानकारी लिन कार्यालय समय भित्र सम्पर्क गर्न सकिने व्यहोरा समेत सूचित गरिन्छ ।

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड**
**गण्डकी प्रादेशिक कार्यालय, पोखरा**
**फोन नं. : ०६१-४५५२५९**
**मो.नं. : ९८५६०८६७६७, ९७४८२१२५५७**
Email : nfcpokhara@gmail.com



## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

**(नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित)**

**गण्डकी प्रादेशिक कार्यालय पोखरा**

## अस्थायी सटर भाडामा लगाउने सम्बन्धी १५ दिने सूचना

**प्रकाशित मिति : २०७९/११/२९**

कास्की जिल्ला पो.म.न.पा. ९, पृथ्वीचोक स्थित साबिक नेशनल ट्रेडिङ्ग लिमिटेडको यातायात कार्यालय जाने बाटो तर्फको १९ अस्थायी सटरहरु ५ वर्षको लागि भाडामा दिनका लागि सूचना गर्ने भनि प्रधान कार्यालयको सम्पत्ती व्यवस्थापन तथा पूर्वाधार विकास विभागको मिति २०७९/११/२८ गतेको निर्देशन अनुसार न्युनतम मासिक भाडादर रु. २,६५,०००।- (अक्षरुपी रु. दुई लाख पैसठी हजार मात्र) भन्दा कम नहुने गरि हाललाई ५ वर्षको लागि प्रचलित कानुनले बन्देज नगरिएको व्यापार व्यवसाय संचालन गर्नको लागि भाडामा लिन चाहने ईच्छुक नेपाली नागरिक, संघ संस्था, फर्म वा व्यक्तिहरुले गोप्य शिलबन्दी दरभाउ (कोटेशन) पेश गर्न हुन यो १५ दिने सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धमा अन्य कुनै जानकारी लिन कार्यालय समयभित्र सम्पर्क गर्न सकिने व्यहोरा समेत सूचित गरिन्छ ।

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड**
**गण्डकी प्रादेशिक कार्यालय, पोखरा**
**फोन नं. : ०६१-४५५२५९**
**मो.नं. : ९८५६०८६७६७, ९७४८२१२५५७**
Email : nfcpokhara@gmail.com